# नेपाल न्यूज एक्सप्रेस

Nepal News Express Daily

दैनिक

nepalnewsexpressdaily.com

वर्ष : १ | अंक :१४९ | २०७८ साल, चैत्र ०३ गते बिहीवार | Thursday 17 March, 2022 | पृष्ठ : ४ | मूल्य रु. ०५ / -


## ६० लाख बराबरको सामान सहित भारतीय ट्रक प्रहरीको नियन्त्रणमा



न्यून मूल्यांकन गरी चकलेट तथा पाचकलगायतका वस्तु बोकेको भारतीय ट्रक प्रहरीले नियन्त्रणमा लिएको छ। पर्सा प्रहरीले मंगलबार वीरगञ्ज महानगरपालिका–१७ आइसिपपी सडकबाट एनएल०१एल ६५४८ नम्बरको भारतीय ट्रक नियन्त्रणमा लिएको हो।

उक्त ट्रकमा ६० लाख बराबरको मालवस्तु रहेको पर्सा प्रहरीले जनाएको छ।

प्रज्ञापन पत्रमा कम मूल्याङ्न गरी ल्याइएको सूचना पाएपछि प्रहरीको टोलीले ट्रक नियन्त्रणमा लिएको पर्सा प्रहरी प्रमुख प्रहरी उपरीक्षक रमेशकुमार बस्नेतले बताए।

नियन्त्रणमा लिइएको ट्रक आवश्यक कारवाहीको लागि बुधवार राजश्व अनुसन्धान कार्यालय पथलैया पठाइएको प्रहरीले जनाएको छ।

## बिलबिजकभन्दा बढी सामान लिएर वीरगञ्ज आउँदै गरेका पिकअप र ट्रक सशस्त्र प्रहरीको नियन्त्रणमा



वीरगञ्ज, २ चैत । वीरगञ्ज महनगरपालिका वडा नम्बर २५ सिर्सिया सुक्खा बन्दरगाह नजिकैको सडखकण्डबाट सशस्त्र प्रहरीले २ वटा सवारी नियन्त्रणमा लिएको छ । बिल विजकभन्दा बढी मूल्य बराबरको सामाग्री लिएर वीरगञ्जतर्फ आउँदै गरेको अवस्थामा ना३ख १८८४ नम्बरको ट्रक र बिआर २२ जिए ४९१६ नम्बरको पिकअप भ्यान सशस्त्र प्रहरी बल हेडक्वाटर गण नम्बर १३ ले नियन्त्रणमा लिएको हो । चेकजाँचको क्रममा बिल विजकभन्दा ३४ लाख २७ हजार बढी मूल्यको सामान बोकेको खुलेको सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद सुवेदीले जानकारी दिए। उनका अनुसार ना ३ ख १८८४ नम्बरको ट्रकमा बिल बिजकभन्दा ४ लाख ९७ हजार ३ सय ६३ रुपैया बढी र बीआर २२ जीए ४९१६ नम्बरको पिकअप भ्यानमा २९ लाख २९ हजार ८ सय ८६ रुपैयाँ बढीको सामान फेला परेको छ। मंगलवार साँझ सशस्त्र प्रहरी नायव उपरिक्षकद्वय निर्मलकुमार थापा र सुमन थापा नेतृत्वको गस्ती टोलीले ती सवारीलाई नियन्त्रणमा लिएको हो। सामान र सवारी समेतको कुल २६ ला ९७ हजार ३ सय ६३ र ३९ लाख २९ हजार ८ सय ८६ मूल्य कायम गरी दुवै सवारीलाई आवश्यक कारवाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको सशस्त्र प्रहरी उपरीक्षक सुवेदीले बताए।

## नेकपा एमाले छिपहरमाई गाउपालिकाद्वारा होली मिलन कार्यक्रम सम्पन्न

वीरगंज, पर्सा

नेकपा ( एमाले ) छिपहरमाई गाउँपालिका द्वारा चेरगाहा मा होलिमिलन शुभकामना आदानप्रदान कार्यक्रम भव्य रुपमा सप्पन्न भएको छ।

नेकपा एमाले छिपहरमाइ गाउँ पालिका द्वारा आयोजित उक्त कार्यक्रमका अध्यक्ष प्रहलाद गुप्ता,प्रमुख अतिथी पार्टीको केन्द्रिय सदस्य एवम जिल्ला इन्चार्ज प्रभु हजरा को उपस्थिति मा होली मिलन शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको थियो।

कार्यक्रमका अध्यक्ष गिरी तथा प्रमुख अतिथि हजराले होली रङ्गको होली एक आपसमा साटासाट गरी मनाइने पर्व भएकोले बिकृतिको रुपमा होली नमनाउन आग्रह गरेका थिए साथै स्वास्थ्य मापदण्डको पालना गरी होली मनाउन समेत आग्रह गरेका थिए।



कार्यक्रममा उनीहरूले नेकपा एमाले नै देश चलाउनको लागी नेपालको एकमात्र पार्टी भएकोले आउदो स्थानीय चुनावमा नेकपा एमालेमा नै आफ्नो मत दिएर जिताउन आग्रह गरेका थिए।

उक्त कार्यक्रममा बिभिन्न पार्टी

**बाकी चौठो पृष्ठमा........**

## वीरगञ्ज महानगरपालिका वडा नम्बर १४ का वडाध्यक्षसहित ६ जनाविरुद्ध भ्रष्टाचारको मुद्दा

पर्सा वीरगञ्ज महानगरपालिका वडा नम्बर १४ का वडाध्यक्षसहित ६ जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दायर भएको छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले वडाध्यक्ष भरतप्रसाद कुर्मीसहित ६ जनाविरूद्ध काठमाडौंस्थित विशेष अदालतमा बुधबार भ्रष्टाचारको मुद्दा दायर गरेको प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए।

वडाध्यक्ष कुर्मी, वडा सचिव राजकुमार सिंह, तत्कालीन वडा सचिव अनामिका रौनियार, वडासदस्यद्वय रफिक अन्सारी, सञ्जयकुमार पटेल र कार्यालय सहयोगी जितेन्द्रकुमार कुर्मीविरूद्ध मुद्दा दायर गरेको हो।

घरबाटो सिफारिस, चौहद्दी सिफारिस लगायतका राजश्व रकमको रसिद नकाटी, जथाभावी दर्ता चलानी राखेर चलानी किताब कुनै पनि राजश्व चलानी नराखी राजश्व रकम हिनामिना गरेको भन्ने उजुरी अख्तियारमा परेको थियो।

उजुरीमा वडाध्यक्ष भरतप्रसाद र कार्यालय सहयोगी जितेन्द्रप्रसादले मिलेमतो रहेको उल्लेख थियो।

अख्तियारले त्यस उजुरीमाथि अनुसन्धान गर्दा ६ जनाको संलग्नता देखिएको जनाएको छ।

चौहद्दी प्रमाणित, घरबाटो सिफारिस, विवाह दर्ता, मृत्यु दर्ता लगायतमा एकभन्दा बढी चलानी गरी, चलानी नगरी, लिनुपर्ने राजश्व नलिई, लिनुपर्ने भन्दा घटी/बढी




राजश्व लिएर तथा आम्दानी रसिद नकाटी आर्थिक अनियमितता गरेको अनुसन्धानबाट खुलेको हो।

दाखिल गर्नुपर्ने राजश्व समेत नगरेको पाइएको हुँदा वडाध्यक्ष भरतप्रसाद, रफिक, सञ्जयकुमार र जितेन्द्रकुमारको हकमा आफ्नो कार्य अवधिमा एक लाख २ हजार ५८५ हिनामिना गरेको अख्तियार प्रवक्ता भण्डारीले बताए।

उनीहरूमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कैद र बिगोको दोब्बर जरिवाना माग गरेको छ।

वडासचिव अनामिकाको हकमा उनले २०७६ साल मंसिर १९ गतेदेखि २०७८ असार ३१ गतेसम्म कार्यरत रहेको अवधिमा एक लाख ३१ हजार ९० रुपैयाँ हिनामिना गरी राजश्व चुहावट गरेको पुष्टि भएको अख्तियारको दाबी छ।

उनीमाथि पनि बिगोको दोब्बर जरिवाना र कैद सजाय माग गरिएको छ।

यस्तै, वडासचिव राजकुमारको हकमा भने २०७७ चैत ५ गतेदेखि हालसम्म ३२ हजार २३५ रुपैयाँ हिनामिना गरेको पुष्टि भएकोले सोही ऐन अन्तर्गत दोब्बर जरिवाना र कैद सजायको माग अख्तियारले गरेको छ।

## जसपामा प्रवेश गर्न वार्ता शुरू गरे नेता सिंह !

वीरगञ्ज। केही साता अगाडी मात्रै लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) त्यागेर नेकपा एमाले प्रवेश गरेका राजेशमान सिंह अब जनता समाजवादी पार्टी (जसपा) प्रवेश गर्न वार्ता शुरु गरेका छन ।

आफूसँग धोका भएको भन्दै एमाले पनि त्यागेर सिंहले जसपा रोज्न बाध्य भएको जनाइएको छ। सिंहले चैत ७ गते पोखरीया आयोजना हुने कार्यक्रममा जसपा प्रवेश गर्ने समेत चर्चा शुरु भएको छ। संविधानसभा सदस्य राजकुमार गुप्ता समूहसँग वीरगञ्ज महानगरपालिकामा मेयरको टिकट पाउने आश्वाशनसहित सिंहले एमाले प्रवेश गरेका थिए। तर, एमाले पर्सा भित्रकै



अर्को समूहले उनका प्रतिद्वन्द्वीसमेत रहेका वीरगञ्जका मेयर विजय सरावगीलाई पार्टी प्रवेश गराएपछि उनि अन्योलमा परेका थिए ।

## नेपाल न्यूज एक्सप्रेस दैनिकको लागी

प्रकाशक : अमिर मंसुरी
कार्यकारी प्रकाशक : सहन पौडेल
सम्पादक : सञ्जना कुमारी
कार्यकारी सम्पादक : शाहरुख मंसुरी
कानुनी सल्लाहकार : मेराज मियाँ
बजार व्यवस्थापक : आफताब राय
कप्युटर अपरेटर : मोरध्वज यादव
सम्पर्क कार्यालय : वीरगंज-१३ पर्सा (पावरहाउस)
मुद्रक : पौडेल अफसेट प्रेस, वीरगंज
सम्पर्क नं.: ९८५५०१२७०१
nepalnewsexpressdaily@gmail.com


# एनआरएनएमा पाँच बुँदामा खोजिएको सहमति र अबको बाटो

संस्थापन इतर समूहको नेतृत्व गरेका कुल आचार्य र उनका सहयोगीहरू पछिल्ला १२ महिनादेखि कार्यसमिति भित्र र बाहिर सङ्घर्ष गरिरहेका छन् । गैरआवासीय नेपाली सङ्घ अन्तर्राष्ट्रिय समन्वय परिषद (एनआरएनए आईसीसी) को वर्तमान कार्यसमितिले गरेका ९५ प्रतिशत विवादास्पद कामलाई थाती राखेर चरम लापरबाही गरिएका पाँच बुँदामा सहमतिको विन्दु खोजौं भन्दै संस्थापनइतर समूहले माग गर्दै आएको छ । औपचारिक र अनौपचारिक वार्ता भए । छानबिन र समस्या समाधानका लागि समिति गठन र कथित विघटन गरियो । प्रतिनिधि चयनमा विधानको अपव्याख्या र संस्थापन पक्षबाट एनसीसीको अधिवेशन र 'कट अफ डेट' पछि थप गरिएका सदस्य र प्रतिनिधिको विषय छलफल र छानबिनमा प्रवेश गर्नासाथ संस्थापन पक्षले वार्ता र छानबिनलाई पूर्णता नदिंदै समिति भङ्ग गरिदिने गरेको छ । गैरआवासीय नेपाली सङ्घ राष्ट्रिय समन्वय परिषद (एनआरएनए एनसीसी) ले १० औं महाअधिवेशन र निर्वाचनका लागि पठाएको आइसीसी डेलिगेट्स सूची मनोमानी ढंगले थपघट गरिएको छ । कटअफ डेट पछि एमआईएसमा थपिएका सदस्य र त्यसको आधारमा बढाइएका प्रतिनिधि हटाउनुपर्छ साथै एनआरएनए एनसीसीले पठाएको आईसीसी डेलिगेट्स सूची फेरबदल गर्न मिल्दैन भन्ने संस्थापन इतरको पहिलो माग हो । विवाद चर्कँदै र संस्था बदनाम हुँदै गएपछि चौतर्फी दबाव झेल्न नसकेर सबै समस्याको समाधान र निकास दिन प्रमुख संरक्षक शेष घलेको अध्यक्षतामा पूर्व अध्यक्षहरू र वर्तमान अध्यक्ष कुमार पन्तसहितको उच्चस्तरीय छानबिन समिति गठन भयो । समस्या समाधानका लागि समिति गठन नै गर्न नदिन तल्लीन रहेका संस्थापन पक्षले समितिलाई शुरुमै काम गर्न नदिने तानाबाना बुन्यो ।

उच्चस्तरीय समितिको कार्यक्षेत्र र समय सीमाको विषयमा महासचिव हेमराज शर्माले आईसीसीको कार्यसमिति बैठकमा भएको छलफल र निर्णयविपरित मिटिङ माइन्युट तयार पारेर सार्वजनिक गरे । त्यसमा उच्चस्तरीय समितिले प्रश्न उठाएपछि अध्यक्ष कुमार पन्त आफैंले मिटिङ माइन्युट बनाएर सार्वजनिक गरे । आईसीसीको संस्थापन भित्र के कसरी काम हुन्छ र उनीहरू समस्या समाधान गर्न नदिन कतिसम्म लागिपरेका छन् भन्ने एउटा सानो दृष्टान्त मात्र हो यो ।

केही संस्थापक अध्यक्ष र संस्थापन पक्षको असहयोगको बीचमा पनि घले नेतृत्वको उच्चस्तरीय समितिले निकासका विन्दु पहिल्याउँदै प्रतिवेदनलाई अन्तिम रूप दिन केही दिन मात्र बाँकी थियो । तर सुरुदेखि नै समिति गठनको विपक्षमा रहेका उपाध्यक्ष बद्री केसी, महासचिव हेमराज शर्मा, सचिव गौरी जोशी लगायतको दबावमा एकपक्षीय रूपमा संस्थापन पक्षले उच्चस्तरीय समिति र संरक्षक परिषद् विघटन गरिएको सूचना जारी गऱ्यो । १४० बढी सदस्य रहेको आईसीसी कार्यसमितिमा ४० जना भन्दा कमको उपस्थितिमा संरक्षक परिषद् विघटन गरेको र छानबिन समिति भङ्ग गरेको बताइयो ।

आईसीसीको विधान अनुसार कार्यसमिति बैठक गर्न ७ दिन अगाडि एजेन्डासहित बैठक डाक्नुपर्ने हुन्छ । तर दुई दिनको सूचनामा बैठक आह्वान गरेपछि अधिकांशले संस्थालाई दुर्घटना गराउन विधान विपरित गरिएको बैठकमा सहभागी नहुने बताउँदै बहिष्कार गरे । विधानमा संरक्षक परिषद् विघटन गर्न सक्ने प्रावधान छैन । संस्थापन पक्ष विधान विपरितका हर्कत गर्दै संस्थागत एकताको यात्रामा पूर्णविराम लगाउन नियोजित रूपमा लागेको छ भन्ने आचार्य पक्षको आशंकालाई यी घटनाले पुष्टि गर्छन् । समिति गठन गरेर त्यसले अन्तिम प्रतिवेदन र निकासका लागि सुझाव नदिंदै विघटन गर्नुको कारण अध्यक्ष कुमार पन्त र संस्थापन पक्षले अहिलेसम्म प्रष्ट गर्न सकेका छैनन् । प्रविधि र पदीय शक्तिको दुरुपयोग गरिएको आरोप खेपिरहेको संस्थापन पक्ष प्रत्येक छानबिन पछि दोषी ठहर भएको छ। छानबिन समितिको प्रतिवेदन आएपछि बदमासी उजागर हुने, सुधार र सुझाव कार्यान्वयनमा दबाव पर्ने डरले भागेको संस्थापन इतर पक्षको भनाइ छ ।

उपाध्यक्ष बद्री केसीले नेतृत्व गरेको आईएलओको सहयोग फन्डमा भएको भ्रष्टाचार छानबिन गर्दा प्रमाणित भयो । प्रोजेक्टका केही सदस्यहरूलाई कारबाही गरेझैं गर्दै घटनालाई सामसुम पार्न र ढाकछोप गर्न बाध्य हुनु पऱ्यो । प्रोजेक्टका प्रमुख बद्री केसी त्यो घटनामा आफू चोखो रहेको भन्दै सबैतिर बचाउ गर्दै हिंडिरहेका छन् । प्रोजेक्टमा भ्रष्टाचार हुने र त्यसको प्रमुखले त्यसको जिम्मेवारी नलिई नितान्त चोखो देखिने गैरजिम्मेवारीपनको पराकाष्ठा हो । संस्थापन इतर पक्षले संस्थालाई बदनाम गराउने घटनाका जिम्मेवारलाई उन्मुक्ति दिन नहुने माग गर्दै आएको छ ।

## राजनीति समाचार

# मधेश प्रदेशमा होली पर्वमा भाईचारा कायम राख्न पुर्वमन्त्री सोनलको आग्रह

वीरगञ्ज, २ चैत । लोकतान्त्रीक समाजवादी पार्टी (लोसपा) मधेश प्रदेश अध्यक्ष जितेन्द्र सोनलले होली पर्व आपसी सदभावको प्रतिविम्ब भएको बताएका छन् ।

लोसपा परवानीपुर गाउँपालिकाको आज (बुधवार) बाराको परवानीपुरमा आयोजना गरेको होली मिलन समारोहलाई सम्बोधन गर्दै पुर्वमन्त्री समेत रहेका सोनलले होली पर्वमा भाईचारा कायम राख्न आग्रह समेत गरेका छन् । नेता सोनलले भने 'जसरी अन्यायको प्रारुपको रुपमा रहेको होलिका (समथ) जलाएर हर्सोल्लासको आगमनमा होली पर्व मनाईन्छ, त्यसैगरी समाजको विकृतीलाई समाप्त पार्न हामीले हातेमालो गर्नु आवश्यक छ ।' उनले हिन्दु धर्मवालम्बीहरुको महान पर्व होलीलाई सभ्य र सुरक्षित बनाउन आग्रह सकेत गरे ।




लोसपा परवानीपुर गाउँपालिका अध्यक्ष जगत महतोको अध्यक्षतामा आयोजित समारोहमा संघिय सांसद एकबाल मिया, परवानीपुर गाउँपालिका अध्यक्ष हरिनारायाण साह, उपाअध्यक्ष सबित्री देवी पटेल, नेताहरु सन्जु साह, मिश्री मण्डल, अनिल राम, गम्भीरा पटेल, राजदेव पटेल, सिकेन्द्र साह, महेन्द्र यादव, ध्रुप महतो लगायतका सहभागी रहेका थिए ।

# साना दलहरूले आँनै चुनाव चिन्ह पाउने: निर्वाचन आयोग

काठमाडौं- राष्ट्रिय दलको मान्यता नपाएका साना दलहरूले आगामी चुनावमा आफ्नो दलको चिन्ह पाउने भएका छन् । आज बसेको निर्वाचन आयोगको बैठकले दलको मान्यता नपाएका दलहरूले संगठनको अवस्थाको विवरण पेस गरेमा उनीहरूको दलको चुनाव चिन्हलाई मान्यता दिने जनाएको हो ।

त्यसका लागि ती दलहरूको कुन-कुन जिल्लाका संगठनको अवस्था कस्तो छ ? त्यसको विवरण माग्ने सोही आधारमा चुनाव चिन्ह प्रदान गर्ने निर्णय गरेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए । त्यसको विवरण पेश गर्नका लागि स्थानीय तह निर्वाचनमा भाग लिन दर्ता भएका ७३ दलहरूलाई आगामी चैत ६ गतेभित्र विवरण पेश गर्ने समयसीमा तोकेको छ । स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा २६ मा यसअघि भएको चुनावमा बाहेक आगामी चुनावहरूमा राष्ट्रिय मान्यता नपाएको दलले आफ्नो दलको चिन्ह नपाउने व्यवस्था थियो । राष्ट्रिय मान्यता पाएका ६ दलले मात्र चुनावमा जाँदा आफ्नो दलको चिन्ह पाउने र अन्य दलले स्वतन्त्रको हैसियतले चिन्ह पाउने भएपछि ती दलहरूले विरोध गर्दै आएका थिए । उक्त अवधिमा विवरण पेश नगर्ने दलका उम्मेदवारलाई स्वतन्त्र उम्मेदवारलाई प्रदान गरिने निर्वाचन चिन्ह प्रदान गरिने आयोगले प्रस्ट पारेको छ ।




जिल्लाबाट प्राप्त भएको विवरण भिडेको खण्डमा आयोगले निर्णय गरी मतपत्रमा सो दलको निर्वाचन चिन्ह उल्लेख गर्नेछ । त्यसबाहेक भने अन्य जिल्लाका मतपत्रमा उक्त दलको निर्वाचन चिन्ह नभएमा उक्त जिल्लाका स्थानीय तह निर्वाचनमा दलको तर्फबाट उम्मेदवारी दिएमा

पनि स्वतन्त्र समूहको निम्ति छुट्याइएको निर्वाचन चिन्ह लिई निर्वाचनमा भाग लिने प्रतिबद्धतासमेत दलले व्यक्त गर्नुपर्नेछ ।

## लोकसेवा प्रश्नहरू

१. नेपालमा हाल लागु भएको ट्रेड यूनियान एंन कहिले जारी भएको थियो ?
a) बि .स .२०१९  b) बि .स .२०३९
c) बि.स.२०४९  d) बि.स .२०५६

२.वासलात तयार पार्नुको प्रमुख उदेश्य कुन हो ?
a) नाफा नोक्सान पता लगाउनु
b) अंक गणीतिय शुद्ताको परिक्षण गर्नु
c) आर्थिक आवस्थावारे थाहा पाउनु
d) उत्पादन लागत बारे निर्धारण गर्नु

३. वासलातको सम्पति पक्षमा निम्नमध्ये कुन चाही खातालाई समावेश गरिदैन ?
a) ख्याती  b) लगानी
c) चालु सम्पति  d) जगेडा कोष

४.सरकारी कार्यालयको आन्तिम लेखा परिक्षण कसले गर्दछ ?
a) महालेखा परिक्षणले
b) को .ले.नि. का.ले.
c) सार्वजनिक लेखा परिक्षणले
d) अर्थ मन्त्रालयले

५.दोहोरो लेखा परिक्षणको आधारभूत सिद्रानत के हो ?
a) मितव्यायिता  b) सरलता
c) पारदर्शिता  d) डेबिट बराबर क्रेडिट

६.सन्तुलन परिक्षण कुन लेखा प्रक्रिया आन्तार्गत पर्छ ?
a) करोबारहरुको मापन  b) करोबारहरुको वर्गीकरण
c)करोबारहरुको सारांश  d) कारोबारहरुको बयाख्य

७. नेपाल राष्ट्र बैंकको कतिवटा बैंकिंग कार्यालय हरु छन् ?
a) .१  b) २
c) ७  d) ८

८. निम्न मध्ये कुन ठाउमा नेपाल राष्ट्र बैंकको कार्यालय छैन ?
a) बिराटनगर
b) जनकपुर
c) बुटवल
d) पोखरा

९. हिमाली प्रदेशमा नेपालका कति जिल्ला पर्दछ ?
a) २१  b) २०
c) ३१  d) १९

१०.माईपोखरी कुन जिल्लामा पर्दछ ?
a) झापा  b) इलाम
c) कंचनपुर  d) कास्की

**भोलिको अङ्कमा उत्तर प्रकाशित हुनेछ ।**

## चैत्र ०२ गतेको उत्तरहरू

| प्रश्न | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| उत्तर | C | A | C | D | D | C | A | D | C | -- |




धुम्रपान त्याग्नु भएकोमा



तपाईलाई धन्यवाद ।

# अन्तर्राष्ट्रिय समाचार

## चीनमा फेरि कोभिडको त्रास, तीन करोड जनसंख्या लकडाउनमा



बढ्दो संक्रमणको घटनाका कारण सामूहिक परीक्षणमा फर्किरहँदा चीनमा मंगलबार करिव तीन करोड जनसंख्या लकडाउनमा छन् ।

मंगलबार मात्र ५ हजार २८० जना कोभिडका नयाँ संक्रमित भेटिएका थिए । यो सोमबारको तुलनामा दोब्बर सख्या हो । उच्च संक्रमित ओमिक्रोन भेरियन्ट देशव्यापी फैलिएसँगै यसले चीनको शून्य कोभिड रणनीतिलाई बाधा गरेको छ ।

सोही नीतिका कारण चीन दुई वर्ष बाहिरी संसारबाट नितान्तै अलग बनेको थियो। मंगलबार चीनका कम्तीमा १३ सहरमा पूर्णरूपमा लकडाउन गरिएको छ भने अरु धेरै सहरमा आंशिक लकडाउन घोषणा गरिएको छ । कोभिडबाट उत्तरपूर्वी प्रान्त जिलिन सबैभन्दा बढी प्रभावित छ । मंगलबार यहाँ ३ हजार नयाँ संक्रमित फेला परेको नेसनल हेल्थ कमिसनले जनाएको छ । त्यस्तै ९० लाख जनसंख्या भएको भएको प्रान्तीय राजधानी चाङचुनका वासिन्दालाई घरमै बस्न भनिएको छ । एक करोड ७५ लाख मानिसहरुको बसोबास रहेको दक्षिणी टेक हब सेनजेन तीन दिनदेखि लकडाउनमा छ । धेरै उद्योग बन्द छन भने सुपरमार्केट दराज खाली देखिन्छन् ।

उता चीनकै ठूलो सहर सांघाई विभिन्न प्रतिबन्धको जालोमा झेलिएको छ । बाँकी विश्वको धेरैजसो ठाँउमा सहज भइरहेका बेला बन्द छिमेकका दृष्य, डरलाग्दो किनमेल र पुलिस घेराले चीन फेरि माहामारीको प्रारम्भिक चरणमा फर्किएको झल्को दिएको छ ।

## युक्रेनमा रूसको आक्रमणको २० औं दिनमा के-के भयो ?



युक्रेनमा रुसी आक्रमणको आज २० औं दिनमा पनि कमी आएन । वार्ता जारी छ तर हवाई आक्रमण रोकिएको छैन। युक्रेनमा मंगलबार हालसम्म के भयो हेरौं -

-युक्रेनको राजधानी किभका मेयरले राजधानी एक "खतरनाक समय" मा प्रवेश गरिरहेको र आज रातीदेखि बिहीबारसम्म निरन्तर कर्फ्यूको घोषणा गरेका छन्। अधिकारीहरूले बिहान सहरमा भएका नयाँ आक्रमणहरूमा चार जनाको मृत्यु भएको बताएका छन् ।

-कीभ र मस्को बीचको शान्ति वार्ता जारी छ, युक्रेनले कुनै सम्झौता नभएमा रसियाले फेरि आक्रमण गर्न सक्ने चेतावनी दिएको छ।

-बेलायतले ३७० हाइ प्रोफाइल रुसी नागरिकमाथि प्रतिबन्ध लगाएको छ । यससँगै रुसी सामान र भोड्कालाई पनि प्रतिबन्धको दायरामा ल्याइएको छ ।-युरोपेली संघले युक्रेनमा आक्रमणलाई कमजोर पार्न मस्कोको आर्थिक क्षमतालाई प्रभावित गर्ने उद्देश्यले चौथो चरणको प्रतिबन्धको घोषणा गरेको छ। -पोलिश, चेक र स्लोभेनियाका प्रधानमन्त्रीहरू रेलमा कीभमा यात्रा गर्दै, जहाँ उनीहरूले राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई भेट्ने योजना बनाएका छन् । -रसियामा प्रत्यक्ष टेलिभिजन समाचार बुलेटिनका दौरान युद्धको विरोध गर्ने पत्रकारलाई मस्कोको अदालतमा मुद्दा चलाइएको छ ।

-रुसको विदेश मन्त्रालयले अमेरिकी राष्ट्रपति जो बाइडेनमाथि प्रतिबन्ध लगाएको छ । यी प्रतिबन्धहरू अमेरिकी विदेश मन्त्री एन्टोनी ब्लिन्केन, रक्षा सचिव लोयड अस्टिन, राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिवान र सीआईए प्रमुख विलियम बर्न्समा पनि लागू हुनेछन्।

-युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले भिडियो कन्फरेन्स मार्फत लन्डनमा बसेका युरोपेली नेताहरूसँग कुराकानी गरे। जेलेन्स्कीले युक्रेनको लागि मद्दत मागे र नाटोलाई लक्षित गरेर आलोचना गरे ।

## रूसले लगाएको प्रतिबन्धमा अमेरिकी राष्ट्रपति बाइडेनसहित को-को परे ?



रुसले अमेरिकी राष्ट्रपति जो बाइडेनसहित १३ उच्च अधिकारीमाथि प्रतिबन्ध लगाएको छ ।रुसले युक्रेनमा युद्ध जारी राखेपछि अमेरिकासहित पश्चिमा राष्ट्रले प्रतिबन्ध लगाएपछि सो को जवाफमा अमेरिकी राष्ट्रपतिसहित उच्च अधिकारीमाथि प्रतिबन्धको घोषणा गरेको हो । रुसको विदेश मन्त्रालयका अनुसार अमेरिकी राष्ट्रपति बाइडेनसहित उनको सरकारका शीर्ष मन्त्रीहरुमाथि प्रतिबन्ध लगाइएको हो । रुसले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकन, रक्षामन्त्री लोयड अस्टिन, ह्वाइट हाउस प्रवक्ता जेन साकीसहितलाई प्रतिबन्ध लगाएको छ। पूर्वविदेशमन्त्री तथा राष्ट्रपति उम्मेदवार रहिसकेकी नेतृ हिलारी क्लिन्टन तथा बाइडेनका छोरा हन्टर बाइडेन पनि प्रतिबन्धित सूचीमा छन्। उनीहरुले रुस प्रवेश गर्न पाउने छैनन् भने रुसमा रहेको उनीहरुको सम्पत्ति 'फ्रिज' भएको छ।

रुसले अमेरिकाका जोइन्ट चिफ अफ स्टाफ प्रमुख मार्क मिली, राष्ट्रिय सुरक्षा सल्लाहकार ज्याक सलिभन, राष्ट्रिय सुरक्षा उपसल्लाहकार दलीप सिंह, युएसएआइडीका प्रशासक सामन्था पावर, उपवित्तमन्त्री वाली एडियमो र एक्सपोर्ट-इम्पोर्ट बैंक अफ युएसका प्रमुख रिटा जो लुइसमाथि पनि प्रतिबन्ध लगाएको छ।


**अब तपाई पनि पत्रकार**

तपाईंको गाउँ, शहर, समाजमा कुनै घटना, दुर्घटना अथवा अपराध हुँदैछ ? भने हामीलाई जानकारी दिनुहोस् । हामी पुऱ्याउँछौ तपाईहरूको आवाजलाई जनता समक्ष ।

सम्पर्क नं.: ९८५५०१२७०१


**पत्रिका पढेर साथ दिनुभएकोमा धन्यावाद । हामी पाठकवर्गहरूको सल्लाह सुझावहरूको ध्यानमा राखि अगाडी बढ्ने छौ ।**

## आजको राशिफल

**मेष** मिहिनेत गर्दा लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। विद्यामा वृत्ति, सहुलियत वा विशेष अवसर प्राप्त हुनेछ। सहपाठीहरूलाई उछिन्दै पुरस्कार, प्रशंसा आदि प्राप्त गर्न सकिनेछ। व्यापारमा पनि फाइदा हुनेछ। पशुपालन र कृषिमा राम्रो लाभ मिल्नेछ। सन्तान वा अनुयायीको साथले उत्साह जगाउनेछ।

**वृष** व्यावसायिक काममा चुनौती देखिए पनि आयस्रोत सबल नै रहनेछ। मेहनत गर्दा दिगो फाइदा हुनेछ। साझेदार तथा आफन्तजन सहयोगीका रूपमा देखा पर्नेछन्। पहिले रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्दा लाभ हुनेछ। काममा अरूको भरपर्नु भन्दा परिवारजनको सहयोग लिँदा राम्रो हुनेछ। तर महत्त्वाकांक्षी योजना अहिले नै सार्वजनिक नगर्नुहोला।

**मिथुन** कर्मयोगले लोकप्रियता दिलाउनेछ भने विशेष उपहार प्राप्त गर्ने समय छ। तर पहिलेका सहयोगीहरू प्रतिस्पर्धीका रूपमा देखा पर्नेछन्। प्रतिद्वन्द्वीहरू बढ्नेछन् भने लाभांश बाँडिन सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला। उद्योग र व्यापारमा फाइदा हुनेछ। पुरुषार्थी कामले समाजमा स्थापित बनाउनेछ। चुनौती पन्छाएर पनि लाभ उठाउन सफल भइनेछ।

**कर्कट** तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। नयाँ काम प्रारम्भ हुनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। बोलीको प्रभाव बढ्नाले काममा फाइदा हुनेछ। विभिन्न भौतिक साधन प्राप्त हुनेछन्। धन तथा ज्ञानको भण्डार बढ्नेछ।

**सिंह** काम बन्नुका साथै दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। कामको सफलताले हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीले साथ दिनेछन्। बिछोडिएका आफन्तसँग भेटघाट होला। पहिलेका कमजोरी सुधार्दै फाइदा उठाउने समय छ। पहिरनले व्यक्तित्वमा आकर्षण ल्याउनेछ।

**कन्या** खर्च लागे पनि दिगो काम गर्न सकिनेछ। खर्चिलो योजना बन्नाले धेरै रकम जोहो गर्नुपर्ला। सोखले विलासी वस्तुहरूमा खर्च गराउनेछ। साँवा उठाउँदा लाभांशमा घाटा लाग्न सक्छ। आफन्तबाट टाढिनुपरे पनि टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ। लामो यात्रा गर्ने अवसर जुट्न सक्छ। नयाँ कुरा पाउन केही वस्तु त्याग्नुपर्ला। पछिका लागि लगानी गर्ने समय छ।

**तुला** आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ। व्यापारमा राम्रै फड्को मार्ने समय छ। रोकिएको काम बन्नाले जिम्मेवारी समेत बढ्नेछ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। तर सानातिना काममा अलमलिनाले मुख्य काम रोकिन सक्छ। अरूको फाइदाका लागि उपयोग भइएला।

**वृश्चिक** अवसर प्राप्त भए पनि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। पुरानो हिसाबकिताब सुल्झाउन समय लाग्नेछ। स्वार्थका लागि साइनो गाँस्नेहरूबाट सजग रहनुहोला। मिहिनेतले जीवनशैलीमा सुधार ल्याउन सकिनेछ। व्यवसायमा धेरै फाइदा नभए पनि नियमित काम सम्पादन हुनेछ। नयाँ काम थाल्न केही समय पर्खनुपरे पनि पूर्वाधार तयार गर्न सकिनेछ।

**धनु** व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ। तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। उपलब्धिको स्रोत प्राप्त हुनेछ भने प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ र मिहिनेतले सफलताको उचाइमा पुर्याउनेछ। सानो प्रयत्नले सजिलै लक्ष्यमा पुग्न सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ।

**मकर** अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ। बाध्यात्मक परिस्थितिले इच्छाशक्ति कुण्ठित हुनेछ। आफ्ना कमजोरीको फाइदा उठाउनेहरू सक्रिय हुनेछन्। व्यापारिक लगानीमा जोखिम बढ्न सक्छ। गोपनीयता भंग हुनुका साथै धन बाहिरिन सक्छ। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला। नतिजा सच्याउन काम दोहोर्याउनुपर्ला।

**कुम्भ** सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। आफन्तसँग रमाइलो भेटघाट हुनेछ। उपहारले उत्साह जगाउनेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ। परिवारजनको साथले उत्साह जगाउनेछ। तर आम्दानी भइरहे पनि फजुल खर्च बढ्नेछ। विलासितामा धन खर्च गर्नुपर्ने परिस्थिति आउला। वादविवादमा अघि नसर्नुहोला।

**मीन** अरूको विश्वास गर्दा सुरुमा काम रोकिन सक्छ। पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला। गोपनीयता बाहिरिनाले समस्या पर्न सक्छ। विशेष उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला। तापनि प्रयत्न गर्दा चुनौती चिर्दै काम बनाउन सकिनेछ। बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ। मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ।


घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
वीरगञ्ज महानगरपालिका कार्यालय

जन्म दर्ता, मृत्युदर्ता, विवाह दर्त सम्बन्ध विच्छेद र व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पर्सागढी नगरपालिका कार्यालय

घरघरमा शौचालय बनाऔं, राष्ट्रिय भियानमा सहयोग पुऱ्याऔं ।
बहुदरमाई नगरपालिका कार्यालय

सडक किनारामा गाईवस्तु नछौडौं, सभ्य नागरिक बनाऔं ।
पोखरिया नगरपालिका कार्यालय

पर्यटकीयस्थलको संरक्षण र प्रचार गरौं, विकासमा जुटौं ।
ठोरी गाउँपालिका कार्यालय

शौचालयको निर्माण गरौं, गाउँलाई खुल्ला दिशामुक्त बनाऔं ।
विन्दवासिनी गाउँपालिका कार्यालय

निर्धारित मापदण्डको पालना गरौं, ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाउँपालिका कार्यालय

# सामुदायिक वनबाट तीन नाल भरुवा बन्दुकसहित दुई जना पक्राउ



सामुदायिक वनको पोखरीनजिकैबाट तीन नाल भरुवा बन्दुहसति दुई जना पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार बराहक्षेत्र नगरपालिका-५ सिमरवनका ३६ वर्षीय पवनलाल माझी र  वडा नम्बर-३ देवीथानका २७ वर्षीय मोहन श्रेष्ठ छन्। सिमरवनस्थित जनजागृती सामुदायिक वननजिकै भरुवा बन्दुकमा बारुद र छर्रा लोड गरी घाममा सुकाएर बसिरहेका उनीहरूलाई मंगलबार प्रहरीले पक्राउ गरेको हो। तीन वटै बन्दुक बिना लाइसेन्सका हुन्।

दुबै जना जंगलमा वन्यजन्तु शिकारका लागि तैनाथ भएको आशंका प्रहरीको छ। पक्राउ परेकालाई हातहतियार तथा खरखजना मुद्दामा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# सीमावर्ती क्षेत्रको मदिरा पसलमा भारतीयको भीड



महोत्तरी जिल्लाको भारतीय सीमा नाका संग जोडिएका क्षेत्रमा मदिरा सेवन गर्ने भारतीयहरुको संख्या दिनहुँ बढ्दै गएको छ । सीमावर्ती जिल्लामा प्राय: भारतीय नागरिक मदिरा सेवन गर्न नेपाल पस्ने गरेको देखिएको छ । भारतको बिहार राज्यमा मदिरामाथि पूर्ण प्रतिबन्ध लगाएपछि नेपाल भारत सीमाक्षेत्रमा केही वर्ष यतादेखि मदिरा व्यवसाय फष्टाएर गएको छ। नेपालमा मदिरा सेवन गर्न आउने र सीमा क्षेत्रबाट भारतको बिहार तर्फ मदिरा तस्करीको काम समेत फस्टाएको छ। रक्सी सेवन गर्ने बानी परेकाहरु दिनहुँ जसो सीमावर्ती जलेश्वर नगरपालिका, मटिहानी, बथनाहा, कटैया, मधवा, मरुवाही, चकवा बेला सहितका विभिन्न स्थानको बजारमा आएर मदिराको पिउने गरेका छन् । अलिकति हुनेखाने भारतीयहरु सदरमुकाम जलेश्वर नगरपालिकाको होटलमा कोठा नै भाडा लिएर रात रातभरि रक्सी सेवन गरी भोलिपल्ट घर फर्किने गर्छन् भने निम्नवर्गकाहरु मदिराको मात चढेपछि अमर्यादित क्रियाकलाप गर्न समेत बाँकी राख्दैनन् भन्ने गुनासो जनता समाजवादी पार्टीका स्थानीय नेता सरबेश झाले गुनासो गरे । उनी भन्छन्,'यही दुई दिन पूर्वको कुरो हो ,बिहारको बराहीका व्यक्तिहरु नेपालको बथनाहामा मदिरा सेवन गरेर दुई पक्षबीच कुटाकूट भएको थियो ,भने मदिरा सेवनकै कारण बथनाहाको पूर्वतर्फ रहेको भूमिहार टोलको वातावरण बिग्रेर गएको छ,दिनहुँ जसो हो हल्ला हुने गरेको छ।' हलखोरी लगायतको आसपासमा रहेका अवैध मदिरा पसलहरुमा दिउँसै रक्सी सेवन गरेर सडकमा लड्नेहरुको संख्या बढेर गएको छ भने मोटरसाइकल दुर्घटनामा समेत वृद्धि भएर गएको पत्रकार सञ्जाल महोत्तरीका अध्यक्ष राकेश प्रसाद चौधरी बताउंछन् ।

# पर्सा प्रहरीद्वारा होली पर्वलाई बिकृति र अमर्यादित रूपमा नभैइ सभ्य र भब्य ढङ्गले मनाउन आग्रह ।



बिरगंज , चैत्र ०२ गते बुधबार ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक रमेश कुमार बस्नेतले होली पर्वलाई बिकृति र अमर्यादित रुपमा नभैई सभ्य र भव्य रुपमा मनाउन आग्रह गर्नुभएको छ ।

समुदाय- प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ग्रिनसिटी सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र आदर्श नगरद्वारा बुधबार बिरगंजमा आयोजना गरेको चेतनामूलक ऱ्याली एवं कार्यक्रमलाई सम्बोधन गर्दै एसपी बस्नेतले रङ्गहरूको पर्व होलीलाई उच्छृङ्खल गतिविधिबिना सभ्य भएर मनाउनु पर्नेमा जोड दिनुभयो ।

ग्रिन सिटी सामुदायिक सेवा केन्द्र आदर्श नगरका अध्यक्ष जयप्रकाश खेतानको सभापतित्वमा सम्पन्न कार्यक्रममा आदर्शनगरका पसल पसल पुगि, बाटोमा हिँड्ने पैदल यात्रु, मोटरसाइकल चालक अटोरिक्सा , कार लगायत अन्य सवारी चालकहरूलाई सचेतनामूलक सन्देश सहितको पर्चा वितरण गरिएको थियो। जबरजस्ती रङ्ग नलगाउन, सभ्य भएर होली मनाउन, देखासिकी र फजुल खर्च गरेर चाड नमनाउन, कसैको इच्छा विपरीत रङ्ग तथा लोला हान्ने काम नगर्न लगायतका सन्देशहरू पर्चामा उल्लेख गरिएको छ ।

सो कार्यक्रममा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्की, वडा प्रहरी कार्यालय बिर्ताका प्रमुख प्रहरी निरीक्षक राजेशराज पुरी, प्रहरी चौकी आदर्श नगरका प्रहरी नायब निरीक्षक गौरीशङ्कर साह, सामुदायिक सेवा केन्द्र छपकैयाका अध्यक्ष ग्यासुदिन मियाँ ठकुराइ , त्रिलोकिचन्द दारुका सहित सेवा केन्द्रका पदाधिकारी, सञ्चारकर्मी, सुरक्षाकर्मी लगायतकाको सहभागीता रहेको थियो ।

# सरकारी छाप किर्ते गरेको आरोपमा काठमाडौंबाट १२ जना पक्राउ




सरकारी छाप किर्ते गरेको आरोपमा प्रहरीले काठमाडौंको विभिन्न ठाउँबाट १२ जनालाई पक्राउ गरेको छ।

महानगरीय प्रहरी वृत्त कालिमाटीको टोलीले मंगलबार १२ जनालाई पक्राउ गरेको हो।

काठमाडौं महानगर-१२स्थित त्रिपुरेश्वरमा रहेको राहदानी विभागमा किर्ते सरकारी छाप प्रयोग गरी छिटो पासपोर्ट बनाइदिने प्रलोभन देखाएर मानिसहरूलाई ठगी गरिरहेको भन्ने गोप्य सूचना प्रहरीले पाएको थियो।

सो सूचनाको आधारमा कालिमाटी वृत्तबाट खटिएको प्रहरीको टोलीले उनीहरूलाई पक्राउ गरेको हो।

रोल्पा घर भई गोंगबु बस्ने २९ वर्षीय अमृत थापा, २४ वर्षीय प्रज्वल खड्का, बाग्लुङ घर भई सामाखुसी बस्ने ३० वर्षीय रञ्जित कार्की, स्याग्दी घर भई बालाजु बस्ने ३३ वर्षीय रामजी परियार, ललितपुर घर भई गोंगबु बस्ने ३६ वर्षीया गोमा बजगाई, पाल्पाका ३३ वर्षीय जीवनकुमार श्रेष्ठ र रामेछाप घर भई गौशाला बस्ने ३७ वर्षीय मिठे मगर पक्राउ परेका हुन्।

यस्तै, ललितपुरका रमेश बजगाई, काभ्रे घर भई माछापोखरी बस्ने २५ वर्षीय सन्दिप मैनाली, सिन्धुली घर भई धुम्बराही पिपलबोट बस्ने २१ वर्षीय अभिषेक मगर, दैलेख घर भई सिनामंगल बस्ने २२ वर्षीय निरन्जन तिवारी र धादिङ घर भई कलंकी बस्ने २४ वर्षीय मदन तामाङ पनि पक्राउ परेका छन्। उनीहरूलाई कालिमाटीको टोलीले कलंकी, महाराजगन्ज, गोंगबु, सिनामंगल, गौशाला, जमलबाट पक्राउ गरेको वृत्तले जनाएको छ।

उनीहरूबाट प्रहरीले १० वटा विभिन्न सरकारी तथा निजी छाप, कन्सुलर विभागको एउटा, राष्ट्रिय परीक्षा बोर्डको एउटा, परीक्षा नियन्त्रण कार्यालयको एउटा छाप बरामद भएको हो। उनीहरूबाट किर्ते गरिएका विभिन्न सरकारी कागजातहरू समेत बरामद भएको प्रहरीले जनाएको छ।

# सर्वोच्च अदालतद्वारा नागरिकता अध्यादेशविरूद्धका सबै रिट खारेज



काठमाडौं । नागरिकता अध्यादेशविरुद्धका सबै रिट खारेज भएका छन्। आज सर्वोच्च अदालतले नागरिकता अध्यादेशविरुद्धका सबै रिट खारेज गर्ने फैसला गरेको हो ।

आज कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्की र न्यायाधीशहरू मीरा खड्का, हरिकृष्ण कार्की, ईश्वरप्रसाद खतिवडा र आनन्दमोहन भट्टराई सम्मिलित संवैधानिक इजलासले अध्यादेशविरुद्धका ६ वटा रिट खारेजको फैसला गरेको हो ।

तत्कालीन केपी ओली नेतृत्वको सरकारले प्रतिनिधिसभामा रहेको नागरिकतासम्बन्धी विधेयक अड्काएर राजनीतिक सौदाबाजीको आधारमा अध्यादेश जारी गरेको थियो । अध्यादेशमा ०७२ असोज ३ भन्दा पहिला जन्मिएको आधारमा नागरिकता लिएकालाई वंशजको आधारमा नागरिकता दिने र बाबुको पहिचान नखुलेको हकमा स्वयं घोषणा गरेको आधारमा पनि वंशजको आधारमा नागरिकता दिने प्रावधान राखिएका थियो। तत्कालीन सरकारले जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष महन्थ ठाकुर समूह (हाल लोकतान्त्रिक समाजवादी पार्टी) लाई सरकारमा सहभागी गराउन अध्यादेश ल्याएको थियो । सोही आधारमा सो समूह मधेसको केही माग सम्बोधन भएको भन्दै सरकारमा समेत सहभागी भएको थियो ।तर, प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा नेतृत्वको संवैधानिक इजलासले नागरिकता अध्यादेश कार्यान्वयन गर्नुको न्यायिक औचित्य नदेखिएको भन्दै जेठ २७ मा अध्यादेशको कार्यान्वयन रोक्न सरकारका नाममा अन्तरिम आदेश जारी गरेको थियो । तत्कालीन मन्त्रिपरिषद्को बैठकले ०७८ जेठ ८ गतेको निर्णयअनुसार प्रतिनिधिसभाको विघटन गरी ९ जेठमा विवादित अध्यादेश जारी गरेको थियो। नागरिकता अध्यादेशविरुद्ध वरिष्ठ अधिवक्ता बोर्णबहादुर कार्की, अधिवक्ता वीरभद्र जोशी, अधिवक्ता विष्णुकुमारी गिरी, अधिवक्ता रामबहादुर शाही, अधिवक्ता कुलबहादुर बोगटी र मौलिक जरोकिलो पार्टीको तर्फबाट उपमहासचिव लक्ष्मण पोखरेलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा राष्ट्रपति कार्यालयसमेतलाई विपक्षी बनाई रिट दायर गरेका थिए।

## नेकपा एमाले....

परित्याग गरी ५० जना पार्टी प्रवेश गरेका थिए ।पार्टी प्रवेश गरेका ब्यक्तिहरुलाइ कार्यक्रमका अध्यक्ष प्रहलाद गिरी र प्रमुख अतिथि प्रभु हजाराले टिका लगाइ पार्टीमा स्वागत गरेका थिए।

कार्यक्रममा बिशिस्ट अतिथीमा क्रमशः पार्टीको

प्रदेश कमिटी सदस्य बसरुदिन अन्सारी,जगरनाथपुर गाउपालिकाका मेयर जालिम मिया,छिपहरमाइ गाउपलिकाका मेयर मनोज गुप्ता, नेता बाबुराम कौशिक,जिल्ला कमिटी सदस्य खुर्रम आलम,नेता ओम प्रकाश गुप्ता लगायतका नेताहरुले होलीको शुभकामना ब्यक्त गरेका थिए भने होली मिलन कार्यक्रममा हजारौं जनताको उपस्थिति  रहेको थियो ।

दैवि प्रकोपबाट बच्न समयमै सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाउँपालिका कार्यालय

वातावरण जोगाऔं, दिर्घ जीवनमा जुटौं ।
छिपहरमाई गाउँपालिका कार्यालय

गरिबी हटाऔं, दिगो कृषि विकासको निम्ती जुटौं ।
जगरनाथपुर गाउँपालिका कार्यालय

स्वरोजगार बनौं, गरिबी हटाऔं ।
कालिकामाई गाउँपालिका कार्यालय

छुवाछुत विरुद्ध जुटौं,सबै क्षेत्रमा समानता दिलाऔं ।
धोबिनी गाउँपालिका कार्यालय

पारदर्शी बनौं भ्रष्टचार रोकौं ।
पकाहामैनपुर गाउँपालिका कार्यालय

बेटी पढाऔं बेटी बचाऔं ।
पर्टेवा सुगौली गाउँपालिका कार्यालय